# नेपाल धितोपत्र बोर्डको आर्थिक वर्ष २०८२।८३ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमहरू।

**नेपाल धितोपत्र बोर्ड**

ललितपुर, नेपाल।

२०८२

# विषय सूची


| क्र.स. | विषय | पेज नं |
| --- | --- | --- |
| १. | पृष्ठभूमि | १ |
| २. | आर्थिक वर्ष २०८१।८२ मा धितोपत्र बजारको स्थिति | २ |
| ३. | आर्थिक वर्ष २०८१।८२ मा भएका मुख्य नीतिगत उपलब्धीहरु | ३ |
| ४. | बजार सुधार तथा विकास विस्तारमा नेपाल सरकारको नीति तथा कार्यक्रम | ८ |
| ५. | बोर्डको लक्ष्य तथा प्राथमिकता | १० |
| ६. | आर्थिक वर्ष २०८२।८३ का नीतिका आधारहरु | ११ |
| ७. | बोर्डको आर्थिक वर्ष २०८२।८३ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारसम्बन्धी नीतिहरु | ११ |
| ८. | बोर्डको आर्थिक वर्ष २०८२।८३ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारसम्बन्धी कार्यक्रमहरु | १३ |

# नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर।

**बोर्डको आर्थिक वर्ष २०८२।८३ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रमहरु।**

## १. पृष्ठभूमि

देशका नागरिकहरूको बीचमा छरिएर रहेको बचतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्न महत्वपूर्ण संयन्त्र धितोपत्र बजारमा विकासात्मक तथा संरचनात्मक परिवर्तनका कार्यहरुलाई प्राथमकितामा राखी कार्य गरिदैं आएको छ। धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हक हितको संरक्षण गर्न, धितोपत्रको निष्काशन, खरिद तथा बिक्रीलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्नुका साथै वस्तु विनिमय बजारको सन्तुलित विकास तथा विस्तारको लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्थाहरूको तर्जुमा तथा प्रचलित व्यवस्थाहरूमा नेपाल धितोपत्र बोर्ड(बोर्ड)ले समयानुकूल परिर्वतन तथा संशोधन गर्दै आएको छ।

धितोपत्र बजारको नियामकको रूपमा रहेको बोर्डलाई मिति २०७४।०८।०८ मा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात बोर्डमा वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत थप भएको छ। बोर्डबाट वस्तु विनिमय बजार संचालनका लागि हाल आवश्यक कानूनी संरचना तयार गरी अनुमतिपत्र दिने कार्य प्रकृयामा रहेको छ। त्यसैगरी बोर्डबाट सम्पत्ति शुद्धीकरण(मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम नियामकको रुपमा धितोपत्र बजारका सूचक संस्थाको सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यको नियमन तथा सुपरिवेक्षण गरिदैं आएकोमा हालै नेपाल सरकारले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७न को उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी बोर्डलाई पाँच करोड रूपैयाँ वा सो भन्दा बढी चुक्ता पुँजी वा १० करोड रूपैयाँ वा सो भन्दा बढी कारोबार भएका इन्भेष्टमेन्ट कम्पनीको समेत सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यको नियामक तोकेको छ।

धितोपत्र बजार तथा वस्तु विनिमय बजार (बजार) को व्यवस्थित तथा योजनाबद्ध रुपमा विकास तथा सुधार कार्य अगाडि बढाउन बोर्डले विगत वर्षहरु देखिनै नीति तथा कार्यक्रमको सार्वजनिक प्रकाशन गर्दै आएको छ। बजारको विकास तथा विस्तारका लागि बोर्डको नियमन तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि गर्दै बजारलाई स्वच्छ, पारदर्शी, अत्याधुनिक एवं प्रविधिमैत्री बनाउने कार्यलाई निरन्तरता दिइएको छ। धितोपत्र सम्बन्धी ऐन, २०६३ मा अध्यक्षको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा ८ को खण्ड (च) मा बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था अनुरूप बोर्ड अध्यक्षबाट बोर्डको आगामी आर्थिक वर्ष (आ.व.) का लागि नीति तथा कार्यक्रम तयार गरी बोर्डमा पेश गर्ने गरिएको छ।त्यसैगरी नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम ३(ङ) मा भएको व्यवस्था बमोजिम बोर्डले बोर्डको लागि वार्षिक कार्यक्रम तथा बजेट र वार्षिक लेखा परीक्षणको हिसाव स्वीकृत गर्ने व्यवस्था रहेको छ।

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियामक बोर्डले धितोपत्रको निष्काशन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित गर्न र बजारको विकास, विस्तार गरी पुँजी बजारको दायरा वृद्धि गर्न तथा इच्छुक सबैमा पुँजी बजार तथा नियमनको पहुँच पुर्याउन, लगानीकर्ताको हकहित रक्षा गर्न, पुँजीको उत्पादकत्व बढाउँदै उत्पादनमूलक क्षेत्रमा वित्तीय स्रोत प्रवाहमा वृद्धि गर्न, उद्यमशीलता तथा नवप्रर्वतनका लागि सर्वसुलभरुपमा पुँजी प्रवाहको व्यवस्था गरी यस्ता गतिविधिहरुलाई प्रोत्साहन गर्न लिइएका नीतिगत व्यवस्था र कार्यान्वयनबाट आर्थिक वर्ष २०८१।८२ को समीक्षा अवधिसम्ममा देखिएको बजारको स्थिति र नीतिगत उपलब्धिहरुको समीक्षा गरी आ. व. २०८२।८३ का लागि  नीति तथा कार्यक्रम देहाय बमोजिम तर्जुमा गरेको छ।

## २. आर्थिक वर्ष २०८१।८२ को समीक्षा अवधिसम्म धितोपत्र बजारको स्थिति

आर्थिक वर्ष २०८१।८२ मा धितोपत्र बजारको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छः

**२.१ डिम्याट खाता (हितग्राही खाता):** आ.व. २०७९।८० को अन्त्यमा डिम्याट खाता खोल्ने लगानीकर्ताको संख्या ५८ लाख २३ हजार पुगेकोमा गत आ.व. २०८०।८१ को अन्त्यमा सो संख्या मसान्तसम्म उक्त संख्या ६२ लाख ७२ हजार ३ सय ५१ पुगेको थियो। आ.व. २०८१।८२ को असार २० सम्म डिम्याट खाता खोल्ने लगानीकर्ताहरुको संख्या ६८ लाख ६५ हजार पुगेको छ।

**२.२ मेरो सेयर खाताः** आ.व. २०७९।८० को अन्त्यमा मेरो सेयर खाता लिनेको संख्या ४७ लाख ४१ हजार ५५ पुगेकोमा आ.व. २०८०।८१ को अन्त्यसम्म उक्त संख्या ५३ लाख २२ हजार ९ सय ६९ पुगेको थियो। आ.व. २०८१।८२ को असार २० सम्म उक्त संख्या ५९ लाख ३३ हजार ७ सय भन्दा बढी पुगेको छ।

२.३ **अनलाईन युजरनेम लिने लगानीकर्ताको संख्याः** धितोपत्रको दोस्रो बजारमा अनलाईन लगईन लिने लगानीकर्ताको संख्यामा समेत उल्लेख्य वृद्धि आएको छ। आ.व. २०७९।८० को अन्त्यसम्म अनलाईन युजरनेम लिने लगानीकर्ताको संख्या १७ लाख ६३ हजार ३ सय १ रहेको थियो। आ.व. २०८०।८१ को अन्त्यसम्म उक्त संख्या २२ लाख १६ हजार २ सय ४७ रहेकोमा चालु आ.व. २०८१।८२ को जेठ मसान्तसम्म उक्त संख्या २६ लाख ३३ हजार ५ सय १० पुगेको छ।

**२.४ धितोपत्रको प्राथमिक बजारको स्थितिः** आ.व. २०८१।८२ को असार २० सम्म ६४ संस्थालाई रु. ५९ अर्ब ८४ करोड ९५ लाख रकम बराबरको निष्काशन स्वीकृत प्रदान गरिएको छ। जसमा साधारण सेयर निष्काशनतर्फ १४ संस्थालाई रू.३ अर्ब ८३ करोड २२ लाख रकम बराबरको तथा हकप्रद तर्फ १७ संस्थालाई रु.१५ अर्ब ४१ करोड रकम बराबरको निष्काशन अनुमति प्रदान गरिएको छ भने थप निष्काशन तर्फ चार संस्थालाई रु. १० करोड ७३ लाख रकम बराबरको निष्काशन अनुमति प्रदान भएको छ।त्यसैगरी नौ कम्पनीहरूलाई रू.२५ अर्ब ३० करोड रकम बराबरको ऋणपत्र निष्काशन अनुमति प्रदान गरिएको छ भने अन्य २० वटा सामूहिक लगानी योजनालाई रु.१५ अर्ब २० करोड रकम बराबरको सामूहिक लगानी योजना निष्काशन अनुमति प्रदान गरिएको छ। आ.व. २०८१।८२ को असार २० सम्म बोनस सेयर दर्ता तर्फ ८१ वटा संस्थाहरुको रु. २३ अर्ब ९५ करोड १४ लाख रकम बराबरको बोनस सेयर दर्ता गरिएको छ।

बोर्डबाट विशिष्टीकृत लगानी कोष तर्फ ११ वटा योजनालाई रु.३७ अर्ब रकम बराबरको विशिष्टीकृत लगानी योजना निष्काशनका लागि स्वीकृति प्रदान गरिएको छ।

२.५ **धितोपत्रको दोस्रो बजारको स्थितिः** नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) द्वारा प्रकाशित गरिएको आ.व. २०८१।८२ को जेठ मसान्तसम्मको तथ्यांक विश्लेषण गर्दा गत आ.व. को तुलनामा अधिकांश सूचकांकहरुमा सुधार देखिएको छ। यस अविधमा रु. १९ खर्ब १२ अर्ब ६४ करोड ५० लाख रकम बराबरको धितोपत्र कारोबार भएको छ, बजारमा रू. ९ अर्ब २४ करोड रकम बराबरको दैनिक औसत कारोबार भएको देखिन्छ। त्यसैगरी सोही अवधिमा बजार पुँजीकरण रु. ४४ खर्ब २३ अर्ब ३ करोड पुगेको छ, जुन गत आ.व. को सोही अवधिको तुलनामा करिब ३२ प्रतिशतको बढोत्तरी आएको छ, जुन कुल ग्राहस्र्थ उत्पादनको ७२.४३ प्रतिशत हुन आउँछ।त्यस्तै फ्लोट बजार पुँजीकरण रु. १४ खर्ब ९१ अर्ब ४४ करोड पुगेको छ, जुन कुल ग्राहस्र्थ उत्पादनको २४.४१ प्रतिशत हुने देखिन्छ। आ.व. २०८१।८२ को जेठ मसान्तसम्म नेप्से सूचकांक गत आ.व. को सोही अवधिको तुलनामा २५.७१ प्रतिशतले बढी २६५५.३९ विन्दु पुगेको छ। त्यस्तै फ्लोट सूचकांक १८१.३६ विन्दुमा पुगेको छ।

## ३. आर्थिक वर्ष २०८१।८२ मा भएका मुख्य नीतिगत उपलब्धिहरू

धितोपत्र बजारको दीगो विकास तथा सुधारका लागि र वस्तु विनिमय बजार नियमन व्यवस्थाका लागि बोर्डबाट विकासात्मक कार्य गर्नुका साथै बजारसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जूमा तथा समयसापेक्ष सुधार गर्दै आएको छ। धितोपत्र बजारमा हालै भएका मुख्य विकास तथा सुधारका प्रयास तथा कार्यसम्पादन र वस्तु विनिमय बजार संचालनमा ल्याउनका लागि गरिएका कार्यहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

### ३.१ नियमन व्यवस्था तथा सुधार

- नेपालमा पहिलो पटक बोर्डले मिति २०८२ वैशाख ३० मा एक सूचीकृत कम्पनीलाई सात वर्ष अवधि र ६ प्रतिशत ब्याज भएको प्रति ऋणपत्र रू.१,००० अंकित मूल्यका ५० लाख कित्ताले हुन आउने रू.५ अर्ब बराबरको हरित ऋणपत्र निष्काशनको अनुमति प्रदान गरेको छ। यस ऋणपत्रबाट संकलित पुँजी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ ले गरेको व्यवस्था अनुसार पर्यावरण मैत्री परियोजना संचालनका साथै दीगो विकासका कार्यमा लगानी गरी जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरणमा सहयोग पुर्याउने परियोजनामा लगानी हुनेछ।साथै, नेपाल राष्ट्र बैंकले जारी गरेको Nepal Green Finance Taxonomy, 2024 र International Capital Market Association (ICMA) ले जारी गरेको Green Bond Principles, 2021 समेतको आधारमा उक्त पुँजीको उपयोग हुनेछ। यससँगै बोर्डले सरकारले लिएका समयवद्ध लक्ष्यहरू Net Zero Emission तथा दीगो विकासका लक्ष्यहरू हासिल गर्नमा यस बजारको योगदान महत्वपूर्ण रहने विश्वास लिएको छ।
- संगठित संस्थाको धितोपत्रको दोस्रो बजारमा हुने कारोवार मूल्यमा अन्तिम समयमा हुने उतार चढावलाई व्यवस्थित गर्न संगठित संस्थाको कारोवार भएको दिनको अन्तिम १५ मिनेटमा कायम

भएको मूल्यको भारित औषतलाई अन्तिम कारोबार मूल्य मानिने र सो अवधिमा कारोबार नभएमा पछिल्लो कारोबार मूल्यलाई अन्तिम कारोबार मूल्य मानिने व्यवस्था गरेको छ।

- पुँजी बजार सम्बन्धी सेवाको विकास तथा विस्तार एवं वित्तीय सेवामा सर्वसाधारणको सहज पहुँचका लागि धितोपत्र व्यवसायीहरूको शाखा खोल्न स्वीकृति दिने कार्यमा तिव्रता दिईएको छ। यस अवधिमा धितोपत्र दलाल व्यवसायीहरूको १० वटा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गरिएको छ। बोर्डले एउटा संस्थाको सामूहिक लगानी कोष दर्ता, चार वटा संस्थालाई निक्षेप सदस्यको दर्ता प्रमाणपत्र तथा दुई वटा संस्थालाई निष्काशन तथा बिक्री प्रबन्ध र सेयर रजिष्ट्रार सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्रदान गरेको छ।
- नेपाल राजपत्रमा मिति २०८१।०९।१८ मा प्रकाशित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना १ बमोजिम नेपाल सरकारले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७नं. को उपदफा (२) को अधिकार प्रयोग गरी समन्वय समितिको सिफारिसमा पाँच करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी वा १० करोड रुपैयाँ वा सोभन्दा बढी कारोबार भएका इन्भेष्टमेण्ट कम्पनीको हकमा बोर्डलाई नियामक तोक्ने निर्णय भए अनुरुप त्यस्ता इन्भेष्टमेण्ट कम्पनीहरुलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को नियम २० को व्यवस्था बमोजिम बोर्डले सूचीकृत हुन मिति २०८१।११।२३ मा सार्वजनिक सूचना प्रकाशित गरेको छ।
- राष्ट्रिय परिचयपत्रको आधारमा ग्राहक पहिचान र संपुष्टी गर्ने व्यवस्थाको कार्यान्वयन तथा 'केवाइसी' लाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्ने, सोको विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्ने व्यवस्था आगामी दिनमा गर्ने नेपाल सरकारको योजना रहेकाले बोर्डले निक्षेप सदस्यमार्फत् नयाँ हितग्राही खाता खोल्दा नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्यरूपमा लिने व्यवस्था गर्न नेप्से र सिडिएससिको प्रणालीमा राष्ट्रिय परिचयपत्र नम्बर राखी एकै व्यक्तिको खाताको यकिन अभिलेख देखिने गरी राख्न प्राविधिकरूपमा आवश्यक तयारी गर्न नेप्से र सिडिएससिलाई निर्देशन दिएको छ।

## ३.२ कानून तर्जुमा तथा सुधार

- साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोवार नियमावली जारीः धितोपत्रको दोस्रो बजारलाई थप व्यवस्थित गर्न तथा साना तथा मझौला कम्पनीहरूलाई पुँजी बजारको माध्यमबाट पुँजी संकलन गर्न सहज बनाउन बोर्डले आवश्यक नीतिगत व्यवस्था गरेको छ। बोर्डले बजार विकास तथा सुधार गर्ने क्रममा साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोवार नियमावली, २०८१ लागू गरेको छ। नेपालको सन्दर्भमा साना तथा मझौला कम्पनीहरूको प्रवर्द्धन गर्न सकेको अवस्थामा उद्यमशिलता विकास तथा रोजगारी र उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापन गर्न समेत सहयोग पुग्ने देखिन्छ।

- बोर्डले धितोपत्र कारोवारमा आतङ्ककारी कार्य तथा आम विनासकारी हातहतियार निर्माण एवं विस्तारमा संलग्न हुने तथा लगानी गर्ने व्यक्ति, समूह वा संगठनको प्रवेशलाई निरूत्साहित गर्न साथै यस्ता क्रियाकलापमा हुने वित्तीय लगानीलाई रोक्न सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ६९ को उपनियम(३) बमोजिम धितोपत्र बजार सहभागीहरूका लागि लक्षित वित्तीय कारबाही सम्बन्धी मार्गदर्शन(Targeted Financial Sanctions) जारी गरेको छ। यस मार्गदर्शन अनुरूप धितोपत्र बजार सहभागीहरूले धितोपत्र कारोबार सेवा प्रदान गर्ने ग्राहकहरूका सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक भएको United Nation Sanctions List मा सूचीकृत भएका व्यक्ति, समूह वा संगठन भए/नभएको नियमित यकिनका लागि अद्यावधिक प्रणालीको स्थापना गर्ने, सो सूचीमा सम्बद्ध कुनै व्यक्ति, समूह वा संगठनको कुनै सम्पत्ति वा कोष आफूसँग रहेको भएमा तत्काल रोक्का राख्ने, धितोपत्र व्यवसाय संचालन गर्दा आतङ्ककारी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाहरूको पूर्ण पालना गर्नुपर्ने लगायत यस्ता क्रियाकलापमा हुन सक्ने शंकास्पद व्यक्तिका सम्बन्धमा वित्तीय जानकारी इकाईमा विवरण पेश गर्नुपर्ने व्यवस्था गरेको छ।
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ बमोजिम बोर्डले बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका सहायक कम्पनीले मर्चेन्ट बैंकरको अनुमतिपत्र प्राप्त गर्ने तथा धितोपत्र प्रत्याभूति सम्वन्धी व्यवस्थालाई थप सहज, सरल तथा व्यवस्थित गर्न सोही नियमावलीको अनुसूची-५ र अनुसूचि-९ मा संशोधन गरेको छ।
- धितोपत्र निष्काशन तथा बाँडफाँट (आठौं संशोधन) निर्देशिका २०८१ र धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०८१ स्वीकृत भई लागू भएको छ।
- नेप्सेले बोर्डमा पेश गरेको धितोपत्र कारोबार संचालन विनियमावली, २०८१ (चौथो संशोधन) मा बोर्डले स्वीकृति प्रदान गरेको छ।
- बोर्डले गैर आवासीय नेपालीहरूलाई नेपालको पुँजी बजार मार्फत लगानीको अवसर प्रदान गर्ने क्रममा हाल गैर आवासीय नेपालीहरू बीच मात्र खरिद बिक्री हुने गरी धितोपत्र निष्काशन तथा कारोवारका लागि नेपाल सरकार तथा गैर आवासीय नेपालीको संयुक्त लगानीमा स्थापित इन्भेष्टमेण्ट कम्पनीले धितोपत्र निष्काशन गर्न सक्ने गरी कानूनी व्यवस्था गरेको छ।
- बोर्डले सिडिएससिलाई विद्यमान व्यवस्थामा परिमार्जन गर्न, पाँच वर्षदेखि नवीकरण नभएका र खातामा धितोपत्र मौज्दात नभएका हितग्राही खाता बन्द गर्न सक्ने, उक्त खाताहरू बन्द गर्दा नवीकरण शुल्क प्राप्त हुन नसकेमा सो छुट दिने र निक्षेप सदस्यले नवीकरण शुल्क प्राप्त गरेपश्चात मात्र केन्द्रीय निक्षेप कम्पनीलाई बुझाउनुपर्ने दस्तुर वा शुल्क बुझाउने व्यवस्था गरी सम्बन्धित विनियम संशोधनका लागि बोर्डमा पेश गर्न निर्देशन दिएको छ।

## ३.३ कानून प्रवलीकरण तथा कारवाही

- **गुनासोः** धितोपत्र बजारको विकास र विस्तार, धितोपत्र निष्काशन, खरिद बिक्री एवं विनिमय लगायतका विभिन्न विषयमा प्रत्यक्षरुपमा बोर्ड समक्ष ५३ वटा र हेलो सरकार मार्फत २५ वटा गुनासो प्राप्त भएकोमा बोर्डले सोको अध्ययन तथा अनुसन्धान गरी कुल ५८ वटा गुनासोको समाधान गरिसकेको छ। यसमध्ये दुई वटा गुनासो बोर्डसँग असम्बन्धित भएकाले फिर्ता गरिएको र बाँकी गुनासोका सम्बन्धमा समाधानको प्रकृयामा रहेको छ।
- **मुद्दा मामिलाः** आ.व. २०८१।८२ को वैशाख मसान्तसम्मको अवधिमा बोर्ड पक्ष वा विपक्षी भई सर्वोच्च अदालतमा चारवटा र उच्च अदालतमा दुई वटा मुद्दा दर्ता भएको छ । साथै, सोही अवधिमा सर्वोच्च अदालतमा छ वटा, उच्च अदालतमा सात वटा र जिल्ला अदालतमा एक वटा मुद्दाको अन्तिम फैसला भएको छ। बोर्डले विभिन्न अदालतका साविकका र नयाँ दर्ता भएका बाँकी मुद्दाहरुका सम्बन्धमा लिखित जवाफ पेश गर्ने लगायत आवश्यक बहस पैरवीका कार्य निरन्तर गर्दै आईरहेको छ।
- प्रचलित कानून बमोजिम सञ्चालक र सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा ५ को उपदफा (४) बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गरेको नदेखिएको एक सूचीकृत संगठित संस्थालाई नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम २८ को खण्ड (ख) बमोजिम प्रचलित कानून तथा उक्त कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम सञ्चालक (स्वतन्त्र सञ्चालक समेत) नियुक्त गर्न आदेश जारी भएको छ।
- एक निष्काशनकर्ता कम्पनीको सर्वसाधारण सेयरको कर्मचारीहरुलाई छुट्याएको सेयर बाँडफाँटको क्रममा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २८ र दफा ३२ बमोजिम विस्तृत विवरण बोर्डमा पेश नगरी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७६ बमोजिमको व्यवसायिकस्तर पालना गरेको नदेखिएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा उक्त ऐन अन्तरगत बनेका नियम, विनियम, निर्देशन तथा निर्देशिका तथा बोर्डले जारी गरेको आदेश वा निर्देशनको पूर्ण पालना गर्न बोर्डले नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. लाई बोर्डको मिति २०८१।०४।१४ को निर्णयानुसार चेतावनी दिएको छ।
- एक निष्काशनकर्ता कम्पनीले कर्मचारीहरुलाई छुट्याएको सेयर निष्पक्ष तथा पारदर्शी तरिकाले वितरण नगरेको भन्ने गुनासो दर्ता भएको सम्बन्धमा प्रारम्भिक जाँचबुझको प्रतिवेदनमा देखिएका सुझावहरुको आधारमा बोर्डको मिति २०८१।०४।१४ को निर्णयानुसार उक्त निष्काशनकर्ता कम्पनीको संचालक समितिले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ३२ को उपदफा (२) र सोहि निर्देशिकाको दफा २८ बमोजिम धितोपत्र निष्काशन तथा बाँडफाँड निष्पक्ष तथा पारदर्शी रुपमा गर्नुपर्नेमा सो गरेको नदेखिएकोले बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) बमोजिम कर्मचारीको लागि छुट्याएको सेयर निष्पक्ष तथा पारदर्शी रुपमा पुनः बाँडफाँट गर्न निर्देशन दिएको छ।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ को दफा १८(१) को व्यवस्था परिपालना नगरेका ११ सूचक संस्थाहरुलाई बोर्डले सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा ७फ को उपदफा (१) को खण्ड (क) बमोजिम लिखितरूपमा सचेत गराएको छ।

## ३.४ बजार निरीक्षण तथा सुपरिवेक्षण

- बोर्डमा प्राप्त हुने गुनासो तथा उजुरीलाई समयमा नै समाधान गर्नुका साथै धितोपत्र कारोवारको सुपरिवेक्षणका क्रममा देखिएका कैफियतहरुको आधारमा शंकास्पद कारोबारहरूको जाँचबुझ गर्ने कार्य तथा धितोपत्र व्यवसायीहरूको स्थलगत तथा गैर स्थलगत सुपरिवेक्षण गर्ने कार्यलाई तिव्रता दिएको छ।
- बोर्डले वार्षिक नीति तथा कार्यक्रम र विशेष अवस्था अनुरुप आ.व. २०८१।८२ बैशाख मसान्तसम्म सम्पूर्ण संस्थाहरुको निरन्तर गैर स्थलगत सुपरिवेक्षणका साथै ५२ वटा धितोपत्र व्यवसायीहरुको स्थलगत निरीक्षण कार्य सम्पन्न भएको छ। स्थलगत तथा गैर स्थलगत सुपरिवेक्षणबाट कैफियत देखिएका विभिन्न धितोपत्र व्यवसायीहरुलाई आवश्यक निर्देशन समेत जारी गरेको छ।
- बोर्डले सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा सूचक संस्थाले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न/गराउन धितोपत्र बजार तथा व्यवसायी अन्तर्गतका सम्पूर्ण सूचक संस्थाको गैर स्थलगत सुपरिवेक्षणका साथै आठ वटा सूचक धितोपत्र व्यवसायीहरुको स्थलगत निरीक्षण गरी देखिएका कैफियत सुधारका लागि तीन वटा निर्देशन जारी गरेको छ।

## ३.५ लगानीकर्ता शिक्षा र अध्ययन तथा अनुसन्धान

- बोर्डले सर्वसाधारण लगायत धितोपत्र बजारमा संलग्न लगानीकर्ताहरूलाई पुँजी बजारसम्बन्धी साक्षरता अभिवृद्धि गरी लगानी निर्णयमा दक्षता बढाउन अन्तर्राष्ट्रिय संस्थाहरूको आव्हानमा World Investors Week र Global Money Week को अवसर लगायत वित्तीय साक्षरता कार्यक्रम संचालन मार्फत विद्यार्थी, लगानीकर्ता, व्यवसायी, पत्रकार एवं जन प्रतिनिधि समेत गरी करीव ८२५० जनालाई प्रत्यक्ष सहभागी गराई पुँजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि गर्ने कार्य सम्पन्न गरेको छ।
- बोर्डको वार्षिक नीति तथा कार्यक्रमले तोके अनुरुप बोर्डले पुँजी बजार सम्बन्धी विषयवस्तुमा अध्ययन/अनुसन्धान, लगानीकर्ता प्रशिक्षण तथा सचेतना अभिबृद्धि सम्बन्धी पाठ्यक्रम विकास र वित्तीय साक्षरता अभिबृद्धि तथा कर्मचारी तालिम लगायतका कार्य संचालन गर्न सहयोग र समन्वयात्मक रुपमा अगाडि बढ्न त्रिभुवन विश्वविद्यालय व्यवस्थापन केन्द्रीय विभागसँग आवश्यक समझदारी (MoU) कायम गरेको छ।

- सूचीकृत संगठित संस्थाले प्रिमियम मुल्यमा जारी गरेको धितोपत्रको सार्वजनिक निष्काशनबाट प्राप्त प्रिमियम रकमको लेखाङ्कन तथा खर्च सम्बन्धी कानूनी व्यवस्थाको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार भएको छ।

## ४. नेपाल सरकारको नीति तथा कार्यक्रममा धितोपत्र बजार सुधार तथा विकास विस्तार सम्बन्धी कार्यक्रम

धितोपत्र बजार तथा वस्तु विनिमय बजार सुधार तथा विकास विस्तारमा नेपाल सरकारबाट तय भएका नीति तथा कार्यक्रमहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छः

### ४.१ आर्थिक वर्ष २०८२।८३ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा पुँजी बजार सम्बन्धी कार्यक्रम

नेपाल सरकारको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रममा समेत वस्तु विनिमय सम्बन्धी कानून निर्माण गर्ने, धितोपत्र बोर्ड सुदृढीकरण तथा स्टक एक्सचेञ्ज पुर्नसंरचना गरी पुँजी बजारको क्षमता एवं पारदर्शिता वृद्धि गरिने कार्यक्रम तय गरिएको छ भने, बजेट वक्तव्यमा देहायका विषयहरु समाविष्ट गरिएको छः

- वित्तीय क्षेत्रका नियामक निकायहरुको क्षमता विकास गरिनेछ। वित्तीय क्षेत्रमा विकसित भएका जोखिम न्यूनीकरणसम्बन्धी नयाँ नयाँ उपकरणको परिचालन गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिनेछ।
- पुँजी बजारमा नागरिकको लगानी र हित संरक्षण गर्न धितोपत्र बोर्डको संस्थागत क्षमता सुदृढ गरिनेछ। नेपाल स्टक एक्सचेञ्जको पूर्नसंरचना गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
- धितोपत्र बजारमा सूचीकृत लगानी कम्पनी र अन्य संस्थागत लगानीकर्तालाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको स्वःपुँजी, ऋणपत्र र अन्य धितोपत्रमा लगानी गर्न सहजीकरण गरिनेछ। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानूनी व्यवस्था गरिनेछ।
- सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार शुरु गरिनेछ। गैर आवासीय नेपालीलाई दोस्रो बजारमा कारोबार गर्न अनुमति दिने व्यवस्था मिलाइनेछ।

### ४.२ नेपाल सरकारको आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ मा समाविष्ट पुँजी बजार सम्बन्धी कार्यक्रम

नेपाल सरकारबाट गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ का सुझावको आधारमा तयार गरिएको आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ नेपाल सरकार मन्त्रिपरिषबाट पारित भई कार्यान्वयनको चरणमा रहेको छ। सोमा समावेश पुँजी बजारसँग सम्बन्धित कार्यक्रमहरु देहाय अनुसार रहेका छनः

- पुँजी बजारसम्बन्धी जनचेतना जगाई पुँजी बजारबाट वित्तीय साधन परिचालन गरी देशमा लगानी प्रर्वद्धन गर्ने,
- सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार हुने व्यवस्थालाई सहजीकरण गर्ने,
- धितोपत्र बोर्डको पुनर्संरचना गरी बोर्डमा राजस्व सचिव र डेपुटी गभर्नरले प्रतिनिधित्व गर्ने प्रावधान बनाउने, विज्ञ सदस्य थप्ने, निजी क्षेत्र र अन्य मन्त्रालय निकायको प्रतिनिधित्व हटाउने,
- धितोपत्र कारोबारको लागि धितोपत्र व्यवसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने व्यवस्था गर्ने,
- जलविद्युत क्षेत्रका कम्पनीहरुलाई उत्पादन शुरु गरेपछि मात्र प्राथमिक सेयर निष्काशन गर्न सक्ने व्यवस्था गर्ने,
- सरकारी संस्थानहरुमा सरकाले ऋण लगानी गर्नुको सट्टा ऋणपत्र जारी गरेर लगानीको लागि वित्तीय साधन परिचालन गर्ने व्यवस्था गर्ने,
- निजी क्षेत्रको सहभागिता र पुँजी वृद्धिका लागि नेपाल स्टक एक्सचेञ्जको पुनःसंरचना गर्ने,
- नेपाल स्टक एक्सचेञ्जका अतिरिक्त अन्य संस्थाको पनि सेयर सहभागितामा धितोपत्रको सुरक्षित डिपोजिटरी सेवा दिने सिडिएस एण्ड क्लियरिंग लिमिटेडको पुनः संरचना गर्ने,
- निजी क्षेत्रका उत्पादनमुलक कम्पनीहरुलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न सहजता पुर्याउने गरी सेयर तथा बण्ड जारी गर्ने लागत घटाउने र प्रकृया सरलीकरण गर्ने,
- प्रिमियम र बुक विल्डिङ प्रकृयाबाट सेयर निष्काशनको लागि पारदर्शी विधि अवलम्बन गर्ने,
- प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुमा विदेशी लगानी थप आउने गरी विशिष्टीकृत लगानी कोषसम्बन्धी नियमावली संशोधन गर्ने,
- धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज र कम्पनी रजिस्ट्रार कार्यालयबीच प्रभावकारी समन्वय स्थापित गरी प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुलाई लगानीको समयावधि सकिएपछि लगानीमा रहेको सेयर सहज ढंगले बिक्री गरी लगानी फिर्ता लैजान सक्ने व्यवस्था गर्ने,
- प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले हालको एक वर्षबाट दुई वर्ष बनाउने,
- प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलको विद्यमान कोष व्यवस्थापन शुल्क, दर्ता तथा निष्काशन शुल्क ५० प्रतिशतले घटाउने,
- धितोपत्र ऐनमा Equity Crowd Funding को अनुमति दिन सक्ने गरी कानूनी व्यवस्था गर्ने,
- डेरिभेटिभ बजारको विकासको लागि आवश्यक पूर्वाधार बनाउने, र
- पब्लिक कम्पनीको रुपमा स्थापना भई नेपालको धितोपत्र बजारमा सूचीकृत कम्पनीलाई अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार गर्न नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डले ग्लोबल डिपोजिटरी रिसिट जारी गर्ने कार्यविधि तर्जुमा गरी लागू गर्ने।

## ५. बोर्डको लक्ष्य तथा प्राथमिकता

धितोपत्र बजार र वस्तु विनिमय बजारलाई विकास तथा विस्तार गर्दै विश्वसनीय, स्वस्थ, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाई सर्वसाधारणको पहुँच बढाउन बोर्डले निरन्तररुपमा कार्य गरिरहेको छ। समग्रमा बजारको विकास तथा विस्तार गर्ने, कानूनी संरचनामा सुधार गर्ने, संस्थागत तथा नियमन क्षमता सवलीकरण गर्ने, अध्ययन तथा अनुसन्धान र लगानीकर्ता प्रशिक्षणमार्फत स्वच्छ, प्रतिस्पर्धी एवं विश्वसनीय धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा विस्तार गर्ने बोर्डको प्राथमिकता रहेको छ। बोर्डका लक्ष्य तथा प्राथमिकता निम्नानुसार रहेका छन्:

- नेपाल सरकारको आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ मा समाविष्ट पुँजी बजार सम्बन्धी कार्यक्रम अक्षरशः कार्यान्वयन गर्दै लैजाने,
- वित्तीय क्षेत्रका अन्य नियामक निकायहरूबीच समन्वय कायम गर्ने,
- बोर्डको संस्थागत सुदृढीकरण गर्नुका साथै बोर्डका कार्यहरुलाई उच्च प्रविधियुक्त तथा सूचना प्रविधिमैत्री बनाउने,
- धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ताहरुको हक हित संरक्षणका लागि धितोपत्र बजारमा गलत गतिविधि गर्ने संस्था तथा व्यक्तिलाई कारवाहीको दायरामा ल्याउने,
- धितोपत्र कारोबारको सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन Automated Market Surveillance System-AMSS बिकास/खरिद गर्ने,
- सार्वजनिक निष्काशनमा स्वच्छ तथा पारदर्शी प्रणाली लागू गरी व्यवसायिकरुपमा सफल तथा स्थापित वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजारमा भित्र्याउने तथा बुक बिल्डिंग प्रणालीलाई थप विश्वसनीय एवं पारदर्शी बनाउने,
- साना तथा मझौला उद्यमहरुको धितोपत्र कारोबारका लागि एसएमईज प्ल्याटफर्म (SMEs Platform) संचालनमा ल्याउने,
- वस्तु विनिमय बजार र यसका पूर्वाधारहरूलाई सञ्चालनमा ल्याउने,
- बजारको प्रभावकारी नियमन, सुपरिवेक्षण तथा व्यवस्थापनका लागि आवश्यक कानूनी संरचनाको विकास तथा सुदृढीकरण गर्ने,
- धितोपत्रको दोस्रो बजारको सुदृढ व्यवस्था गर्न नेपाल स्टक एक्सचेञ्ज लि. तथा सिडिएस एण्ड क्लियरिंग लि. को सेयर स्वामित्वमा परिर्वतन गरी संरचनात्मक सुधार गर्ने,
- बजार सहभागीहरुको व्यवसायिकता तथा कार्य क्षेत्र एवं स्तर अभिवृद्धि गर्ने,
- पुँजी बजार सम्बन्धी कानूनी संरचनामा सुधार तथा विकास गर्दै IOSCO को मापदण्ड अनुरुप बनाउने, र
- बजारसम्बन्धी जनचेतना अभिवृद्धिका लागि लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम संचालनमा जोड दिने।

## ६. आर्थिक वर्ष २०८२।८३ का नीतिका आधारहरु

बोर्डले आ.व. २०८२।८३ को नीति तयार गर्दा नेपाल सरकारको १६ औं पञ्च वर्षीय योजनामा समावेश भएका पुँजी बजारसम्बन्धी रुपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम, नेपाल सरकारको आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका पुँजी बजारसम्बन्धी नीति तथा कार्यक्रम र नेपाल सरकारबाट गठित उच्चस्तरीय आर्थिक सुधार आयोग, २०८२ का सुझावको आधारमा तयार गरिएको आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ र नेपाल सरकारद्वारा श्री चिन्तामणी शिवाकोटीको संयोजकत्वमा गठित समितिले धितोपत्र बजार सञ्चालनको लागि एक भन्दा बढी संगठित संस्थालाई अनुमति दिन उपयुक्त हुने/नहुने सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०८१ को सुझावहरूलाई मुख्य आधारको रुपमा लिएको छ।

त्यसैगरी बोर्ड बैठकबाट बोर्डको आवधिक योजना, नीति, रणनीति एवं वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्नुपर्ने भनी उल्लिखित कार्यक्रमहरू, बोर्डको संगठन संरचना अनुरूपका विभागहरू क्रमशः नियमन विभाग, व्यवस्था तथा कानून विभाग र सुपरिवेक्षण विभागबाट आ.व. २०८२।८३ का लागि प्रस्ताव गरी प्राप्त भएका नीति तथा कार्यक्रमहरू र नीति, अनुसन्धान तथा प्रशिक्षण विभागबाट सम्पादन गर्नुपर्ने कार्यक्रमहरूलाई समेत नीति तथा कार्यक्रमको आधारको रुपमा लिइएको छ।

धितोपत्र सम्बन्धी ऐन, २०६३, वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ र सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मार्फत बोर्डलाई प्राप्त अधिकार तथा जिम्मेवारी, धितोपत्र बजार नियामकहरुको अन्तरराष्ट्रिय संस्थाको सिद्धान्त तथा अन्तरराष्ट्रिय र क्षेत्रीय असल अभ्यास, बोर्डको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रममा समावेश भई कार्यान्वयनको चरणमा रहेका नीति तथा कार्यक्रम, देशको वित्तीय साक्षरता र लगानीकर्ता शिक्षा तथा सचेतनाको अवस्था, बजार नियमन तथा सुपरिवेक्षण र बजार पूर्वाधारको अवस्था, धितोपत्र बजारको वर्तमान परिदृश्य र बजार विज्ञ, अध्ययन तथा अनुसन्धानकर्ता, लगानीकर्ता तथा अन्य सरोकारवालाहरुबाट बजार विकास तथा सुधार सम्बन्धमा प्राप्त भएका राय तथा सुझाव समेतलाई नीतिको आधारको रुपमा लिईएको छ।

## ७. बोर्डको आर्थिक वर्ष २०८२।८३ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारसम्बन्धी नीतिहरु

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधार अन्तर्गत बोर्डले आर्थिक वर्ष, २०८२।८३ को लागि देहाय बमोजिमका नीतिहरु तय गरेको छः

### ७.१ सबल कानूनी व्यवस्था

धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी कानूनी व्यवस्थालाई अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्ड अनुरुप बनाई कानूनी व्यवस्थाको सवलीकरण गरिनेछ।

## ७.२ संस्थागत सुदृढीकरण

नेपाल धितोपत्र बोर्ड तथा धितोपत्र बजार सम्बन्धी सेवा प्रदायकको संस्थागत सुदृढीकरण र संरचनागत सुधार तथा क्षमता अभिवृद्धि गरिनेछ।

## ७.३ नियमन तथा सुपरिवेक्षणमा सुधार

धितोपत्र बजारको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गरी बजारमा हुन सक्ने कानून विपरीतका गतिविधि तथा अभ्यासलाई कम गरी कसूरदारलाई कारवाहीको दायरामा ल्याइनेछ।

## ७.४ क्षेत्रगत विविधता तथा धितोपत्र औजारमा विविधिकरण

धितोपत्र बजारमा क्षेत्रगत तथा औजारगत विविधता ल्याउनुका साथै नयाँ धितोपत्र औजारको विकास तथा विस्तार गर्न सहजीकरण गरिनेछ।

## ७.५ जोखिम न्युनीकरणमा जोड

धितोपत्र बजारमा प्रणालीगत जोखिम न्युनीकरण गर्दै लगानीकर्ताको हित प्रवर्द्धन गरी धितोपत्र बजारमा जन विश्वास बढाईनेछ।

## ७.६ सूचना प्रविधि पूवार्धारको विकास तथा प्रयोग

बोर्ड तथा धितोपत्र बजारमा सूचना प्रविधिका पूर्वाधारको विकास गर्दै यसको प्रयोगलाई स्तरीय, प्रभावकारी र गतिशिल बनाइनेछ ।

## ७.७ अध्ययन/अनुसन्धान, लगानीकर्ता शिक्षा र साक्षरता अभिवृद्धि

धितोपत्र बजारसम्बन्धी अध्ययन/अनुसन्धान गर्नुका साथै लगानीकर्ताको सशक्तिकरण गर्न देशव्यापीरुपमा पुँजी बजारसम्बन्धी शिक्षा, सचेतना तथा साक्षरता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।



## ८. बोर्डको आर्थिक वर्ष २०८२।८३ को धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्वन्धी नीति तथा कार्यक्रम

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधार अन्तर्गत बोर्डले आर्थिक वर्ष २०८२।८३ को लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू (विकासात्मक कार्यक्रम ६९ र नियमित कार्यक्रम १९) निर्धारण गरेकोछ ।

| बोर्डको नीति | बोर्डको कार्यक्रम |
|---|---|
| ८.१ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी कानूनी व्यवस्थालाई अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्ड अनुरुप बनाई कानुनी व्यवस्थाको सवलीकरण गरिनेछ। | ८.१.१ धितोपत्र सम्बन्धी ऐन, २०६३ र वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ अन्तर्गतका नियमावली, निर्देशिकामा समसामयिक परिमार्जन तथा सुधार कार्य अगाडि बढाउने।<br>क) धितोपत्र बजार, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी तथा वस्तु विनिमय बजारका विनियमावली स्वीकृत गर्न तथा संशोधनका लागि पेश भएमा अध्ययन गरी आवश्यक स्वीकृति प्रदान गर्ने।<br>ख) सामूहिक लगानी कोष नियमावली, २०६७, विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ र सामूहिक लगानी कोष निर्देशिका, २०६९ लाई समयानूकूल संशोधन र सुधार गर्ने।<br>ग) धितोपत्र बजार संचालन नियमावलीमा संसोधन गरी धितोपत्र बजार सञ्चालकको चुक्ता पुँजीमा एकरूपता कायम गर्ने तथा प्राथमिक निष्काशनको व्यवस्था समेत गर्ने।<br>घ) क्रेडिट रेटिङ्ग नियमावली,२०६८ मा आवश्यक संसोधन गर्ने।<br>ङ) वस्तु विनिमय बजार सम्बन्धी वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फस्यौट व्यवसाय, वेयर हाउस सम्बन्धमा आवश्यक नियमावलीहरू तर्जुमा गर्ने।<br>च) विशिष्टीकृत लगानी कोष निर्देशिका जारी गर्ने।<br>छ) धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा प्राथमिक सेयर निष्काशनमा सुधार, Internal Financial Control (IFC) Reporting र सूचीकृत संगठित संस्थाको लेखापरीक्षकको योग्यता तोक्ने लगायतका विषय समेत समेटी संशोधन गर्ने।<br>ज) सूचक संस्थालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ |

| | |
|---|---|
| | र धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ संशोधन गर्ने। |
| | ८.१.२ धितोपत्र बजारमा देखिएका चुनौतीलाई सम्बोधन गर्न छुट्टाछुट्टै कानुनी व्यवस्था हुने गरी नेपाल धितोपत्र तथा वस्तु विनिमय बोर्ड ऐन र धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी ऐनको मस्यौदा तयार गर्ने। |
| | ८.१.३ सामूहिक लगानी कोष तथा केन्द्रीय निक्षेप सम्बन्धी व्यवस्थालाई बलियो बनाउन ट्रष्ट ऐनको मस्यौदा तयार गर्ने। |
| | ८.१.४ निजी क्षेत्रका उत्पादनमूलक कम्पनीहरुलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न सहजता पुर्याउने गरी सेयर तथा बण्ड जारी गर्ने लागत घटाउने र प्रकृया सरलीकरण गर्ने। |
| | ८.१.५ गैर आवासीय नेपाली नागरिकताको आधारमा सहज रूपमा धितोपत्र कारोबार गर्ने व्यवस्था मिलाउने। |
| | ८.१.६ प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि, विद्यमान कोष व्यवस्थापन शुल्क, दर्ता तथा निष्काशन शुल्कका सम्बन्धमा अध्ययन गरी आवश्यक पुनरावलोकन गर्ने। |
| | ८.१.७ नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिस्ट्रार कार्यालयबीच प्रभावकारी समन्वय स्थापित गरी प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुलाई लगानीको समयावधि सकिएपछि लगानीमा रहेको सेयर सहज ढंगले बिक्री गरी लगानी फिर्ता लैजान सक्ने व्यवस्था गर्ने। |
| | ८.१.८ Equity Crowd Funding को सम्बन्धमा कानुनी व्यवस्था गर्ने। |
| | ८.१.९ बिद्युतीय माध्यमबाट लगानीकर्ताको पहिचान स्थापित गरी धितोपत्र कारोबार खाता खोल्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने। |
| ८.२ नेपाल धितोपत्र बोर्ड तथा धितोपत्र बजार सम्बन्धी सेवा प्रदायकको संस्थागत सुदृढीकरण र संरचनागत सुधार तथा क्षमता अभिवृद्धि गरिनेछ। | ८.२.१ बोर्डको संस्थागत तथा नियमन क्षमता अभिवृद्धि गर्ने तथा नेपाल स्टक एक्सचेञ्ज लि. को र सिडिएस एण्ड क्लियरिङ्ग लि.को पुनःसंरचनामा सहजीकरण गर्ने। |
| | ८.२.२ पुँजी बजार विकास तथा सुधार सम्बन्धी विषयमा बोर्ड, नेपाल सरकार, अर्थ मन्त्रालय एवं वित्तीय क्षेत्रका अन्य नियामक निकायहरूबीचको कार्यगत समन्वय तथा सहकार्यको संयन्त्र विकास गर्ने र आवश्यकता अनुरूप छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने। |
| | ८.२.३ बोर्डको कामकारवाही र बजारको विकास तथा सुधार कार्यलाई योजनावद्ध तथा प्रभावकारी बनाउन बोर्डको चार वर्षीय रणनीतिक योजना, २०८२।८३—८५।८६ तर्जूमा गरी कार्यान्वयनमा ल्याउने। |
| | ८.२.४ नेपाल धितोपत्र बोर्डको संस्थागत सुदृढीकरण गर्न O&M गर्नुका साथै बोर्डको कार्यालयको लागि घरजग्गा प्राप्ति प्रक्रिया अगाडि बढाउने। |
| | ८.२.५ बोर्डबाट प्रदान गरिने सेवाहरू इलेक्ट्रोनिक वा अनलाइन माध्यमबाट छिटो छरितो रूपमा दिन सक्ने गरी System Automation गर्दै बोर्डमा Enterprise Resources Planning (ERP) लागू गर्ने । |

| | |
|---|---|
| | ८.२.६ बोर्डको प्रादेशिक कार्यालय स्थापना सम्बन्धमा संभाव्यता अध्ययन गर्ने। |
| | ८.२.७ बोर्डको आन्तरिक सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धमा अध्ययन गरी, बोर्डको आन्तरिक कार्य संचालन निर्देशिका तर्जुमा गर्ने। |
| ८.३ धितोपत्र बजारको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गरी बजारमा हुन सक्ने कानून विपरीतका गतिविधि तथा अभ्यासलाई कम गरी कसूरदारलाई कारवाहीको दायरमा ल्याइनेछ। | ८.३.१ धितोपत्र बजारमा हुने दैनिक कारोवार, कारोवार रकम, कारोवार हुने कम्पनी, कारोवार भएको धितोपत्र आदिको Real Time Surveillance गर्ने, नियमित रुपमा बजार तथा कारोबारको अनुगमन तथा सुपरिवेक्षण गरी सुपरिवेक्षणका क्रममा कुनै गलत अभ्यास भएको देखिएमा सोको जाँचबुझ गर्ने। |
| | ८.३.२ सूचक संस्थालाई सम्पत्ति शुद्धीकरण, आतङ्कवादी त्रियाकलापमा वित्तीय लगानी निवारण तथा लक्षित वित्तीय कारबाही सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गर्ने। |
| | ८.३.३ धितोपत्र दलाल व्यवसायी तथा धितोपत्र व्यापारीको कुल संख्याको कम्तिमा १५ प्रतिशतले स्थलगत अनुगमन कार्य गर्ने। |
| | ८.३.४ धितोपत्र व्यवसायी(मर्चेन्ट बैंकर) र क्रेडिट रेटिंग कम्पनीहरूको कुल संख्याको कम्तिमा १५ प्रतिशतको स्थलगत अनुगमन कार्य गर्ने। |
| | ८.३.५ बोर्डमा दर्ता सामूहिक लगानी कोष व्यवस्थापक तथा विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरूको कुल संख्याको कम्तिमा १५ प्रतिशतको स्थलगत सुपरिवेक्षण गर्ने। |
| | ८.३.६ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ अनुसार कम्तीमा १५ सूचक संस्थाको स्थलगत सुपरिवेक्षण गर्ने । |
| | ८.३.७ नेपाल चार्टर्ड एकाउन्टेट्स संस्थाको परामर्शमा धितोपत्र दलाल व्यवसायी, मर्चेण्ट बैंकर व्यवसायी, सूचीकृत कम्पनी लगायतका बजार सहभागी संस्थाहरूका लागि विकास गरिएको प्रतिवेदन प्रारूप (Reporting formats) लागू गरी कार्यान्वयनमा ल्याउने। |
| | ८.३.८ सूचीकृत संगठित संस्थाको सुपरिवेक्षणका लागि सुपरिवेक्षण मार्गदर्शन तयार गर्ने। |
| | ८.३.९ सूचीकृत संगठित संस्थाका परिपालना अधिकृतहरुलाई संस्थाले प्रवाह गर्नुपर्ने सूचना, विवरण तथा जानकारीका सम्बन्धमा तालिम प्रदान गर्ने। |
| | ८.३.१० धितोपत्र व्यवसायीको काम कारवाहीको सन्दर्भमा बोर्डबाट हुने सुपरिवेक्षण व्यवस्था पुनरावलोकन गर्न अध्ययन गर्ने। |
| | ८.३.११ धितोपत्र व्यवसायीको सुशासन अभ्यासमा सुधार ल्याउन अध्ययन गर्ने/गराउने। |
| | ८.३.१२ सूचीकृत संगिठत संस्था र धितोपत्र व्यवसायीको विस्तृत विवरण (Profile) अद्यावधिक गर्ने। |

| | |
|---|---|
| ८.४ पुँजी बजारको विकास तथा विस्तारका लागि क्षेत्रगत तथा औजारगत विविधता ल्याउनुका साथै नयाँ धितोपत्र औजारको विकास तथा विस्तार गर्न सहजीकरण गरिनेछ। | ८.४.१ सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार हुने व्यवस्थालाई सहजीकरण गर्ने। |
| | ८.४.२ सरकारी संस्थानहरुमा सरकारले ऋणपत्र मार्फत लगानीको लागि वित्तीय साधन परिचालन गर्ने सहजीकरण गर्ने। |
| | ८.४.३ धितोपत्र कारोबारको लागि धितोपत्र दलाल व्यवसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने हालको व्यवस्थामा पुनरावलोकन गरी सुधार गर्ने। |
| | ८.४.४ इन्ट्रा डे कारोबार, सेक्युरिटिज लेन्डिङ एण्ड बरोइङ्ग सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गर्ने। |
| | ८.४.५ अक्सन मार्केट (Auction markets) को व्यवस्था गर्न आवश्यक सहजीकरण गर्ने। |
| | ८.४.६ धितोपत्रको दोस्रो बजारमा कारोबारयोग्य औजारहरूको विविधिकरणका लागि डेरिभिटभ्स् औजारहरूको संचालन गर्न आवश्यक अध्ययन गर्ने/गराउने। |
| | ८.४.७ इक्यूटी डेरिभेटिभ बजारको विकासको लागि आवश्यक पूर्वाधार बनाउनुका साथै कारोबार व्यवस्था मिलाउन सहजीकरण गर्ने। |
| ८.५ धितोपत्र बजारमा प्रणालीगत जोखिम न्युनीकरण गर्दै लगानीकर्ताको हित प्रवर्द्धन गरी धितोपत्र बजारमा जन विश्वास बढाईनेछ। | ८.५.१ मर्चेण्ट बैंङ्कर, धितोपत्र दलाल व्यवसायी तथा धितोपत्र व्यापारी, सामूहिक लगानी कोष, सूचीकृत संगिठत संस्थाहरूले बोर्डमा पेश गर्नुपर्ने विवरणको ढाँचा लागू गर्ने। |
| | ८.५.२ जोखिममा आधारित सुपरिवेक्षण ढाँचा Risk Based Supervision Framework लागू गर्ने। |
| | ८.५.३ धितोपत्रको प्राथमिक निष्काशनमा आस्वा सदस्य बैंक वित्तीय संस्थाले सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट API लिइ आवेदकको आवेदन तत्कालै System Verification भई, आवेदन रकम रोक्का हुने तथा सोही अनुसार धितोपत्र बाँडफाट पश्चात फुकुवा हुने व्यवस्था गर्ने। |
| | ८.५.४ दोस्रो बजारबाट धितोपत्र खरिद गर्दा खरिदकर्ताको बैंक खातामा रकम भए पश्चात मात्र कारोबार हुने व्यवस्था गर्ने कार्य अगाडि बढाउने। |
| | ८.५.५ लगानीकर्ता संरक्षण कोषलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने । |
| | ८.५.६ सूचीकृत कम्पनीहरू वर्गीकरण व्यवस्थालाई सुधार गरी समसामयिक बनाउन विद्यमान कानूनी व्यवस्थालाई सुधार गर्न आवश्यक व्यवस्था गर्ने। |
| | ८.५.७ सार्वजनिक निष्काशन गरी संकलन गरिएको रकम निष्काशनको उद्देश्य बमोजिम परिचालन भए नभएको सम्बन्धमा अनुगमन गर्ने। |
| | ८.५.८ धितोपत्र कारोबार गर्दा सदस्य दलाल व्यवसायीले लगानीकर्ताको आदेश कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण व्याकअपको प्रभावकारी व्यवस्था भए नभएको सम्बन्धी अनुगमनको व्यवस्था गर्ने। |

| | |
|---|---|
| | ८.५.९ धितोपत्र बजारले क्षेत्रगत भगीनी संस्था (Subsidiary Company) मार्फत जोखिम व्यवस्थापनका लागि कार्य गर्न सक्ने गरी आवश्यक कानून संसोधन गर्ने। |
| ८.६ बोर्ड तथा धितोपत्र बजारमा सूचना प्रविधिका पूर्वाधारको विकास गर्दै यसको प्रयोगलाई स्तरीय, प्रभावकारी र गतिशिल बनाइनेछ। | ८.६.१ नेपाल धितोपत्र बोर्डको सूचना प्रविधि नीति, २०७५, तथा SEBON ICT Operation Manual, 2020 मा समय सापेक्ष परिमार्जन गर्ने। |
| | ८.६.२ धितोपत्र कारोबारलाई वास्तविक समय सुपरिवेक्षण गर्न सक्ने गरी Automated Market Surveillance System-AMSS र Capital Market Supervisory Information System-CMSIS का सम्बन्धमा आवश्यक अध्ययन गरी विकास/ खरिद कार्य अगाडि बढाउने। |
| | ८.६.३ पुँजी बजारमा प्रयोग हुने सूचना प्रविधिको प्रयोग अन्तर्राष्ट्रिय सिद्धान्त तथा स्तरको हुने गरी गुणस्तरिय र विश्वसनिय बनाउन आवश्यक अध्ययन गरी बजार सहभागीहरूका लागि सूचना प्रविधि निर्देशिका (IT Guidelines) र प्रणाली संपरीक्षण ढाँचा (System Audit Framework) तयार गर्ने । |
| | ८.६.४ कारोबार प्रणालीको अन्तर्राष्ट्रिय प्रणाली संपरीक्षक (System Auditor) बाट सम्पुर्ण पक्षहरू परीक्षण हुने गरी प्रणाली संपरीक्षण(System Audit) गर्न लगाउने। |
| | ८.६.५ धितोपत्र बजारमा सूचना प्रविधिको व्यवस्थित एवं सुरक्षित प्रयोग र स्तरीयता अभिवृद्धि गर्न जोखिम न्यूनीकरण तथा साइबर सुरक्षा सम्बन्धमा लगानीकर्ता तथा धितोपत्र व्यवसायीका लागि सचेतना तथा अभिमुखीकरण सम्बन्धी कार्यक्रम संचालन गर्ने। |
| | ८.६.६ बोर्डको वेभसाइटलाई समयानूकुल परिष्कृत गरी अझ व्यवस्थित र सूचनामूलक बनाउने। |
| | ८.६.७ बोर्डमा मौजुदा तथ्याङ्क एंव जानकारीहरुको समूचित अभिलेख व्यवस्थापन गर्न तथा हाल प्रयोग भैरहेका र प्रस्तावित विभिन्न प्रणालीहरुको व्यवस्थापन गर्न बोर्डमा Data Center को स्थापना गरी सोका माध्यमबाट File Sharing तथा Storage गर्न सक्ने व्यवस्था मिलाउने। |
| | ८.६.८ बजार गतिविधिलाई सुचना प्रविधिमैत्री बनाउन SEBON Business Process Digitization, Central Capital Market Data Bank and Disaster Recovery Site र XBRL System सम्बन्धमा अध्ययन कार्य गर्ने/गराउने र अध्ययन प्रतिवेदनका आधारमा आवश्यक विकास कार्य अगाडि बढाउने। |
| | ८.६.९ नेपालको पुंजी बजारको कानुनी तथा नीतिगत व्यवस्था IOSCO को सिद्धान्त अनुरूप भए/नभएको सम्बन्धमा बाह्य विज्ञबाट अध्ययन तथा मूल्याङ्कन गर्ने। |

<table>
<tr><td rowspan="9">८.७ धितोपत्र बजारसम्बन्धी अध्ययन/अनुसन्धान गर्नुका साथै लगानीकर्ताको सशक्तिकरण गर्न देशव्यापीरुपमा पुँजी बजारसम्बन्धी शिक्षा, सचेतना तथा साक्षरता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।</td><td>८.७.१ विशिष्टीकृत लगानी कोषको हालको अवस्था, सुधारको क्षेत्र, अन्तर्राष्ट्रिय असल अभ्यास, भावी कार्यदिशा लगायतका बिषयमा अध्ययन गर्ने/गराउने।</td></tr>
<tr><td>८.७.२ पुँजी बजार सम्बन्धी समसामयिक बिषय शीर्षकमा अन्तर्राष्ट्रिय सेमिनार आयोजना गर्ने।</td></tr>
<tr><td>८.७.३ धितोपत्र बजार तथा वस्तु विनिमय बजारसँग आवश्यकता अनुसार सम्बन्धित शिक्षा, सचेतना, साक्षरता एवं क्षमता अभिवृद्धिको लागि विषय विज्ञ, विश्वविद्यालय, शोध तथा अनुसन्धान केन्द्र, धितोपत्र सम्बन्धी अन्तर्राष्ट्रिय नियामकका तालिम प्रतिष्ठानसँग सहकार्य गरी पाठ्यक्रम विकास र तालिम, छलफल तथा अन्तरक्रिया कार्यक्रम संचलन गर्न आवश्यक अध्ययन/अनुसन्धान गर्ने।</td></tr>
<tr><td>८.७.४ नेपाल उद्योग बाणिज्य महासंघसंगको सहकार्यमा वास्तविक क्षेत्रका कम्पनीहरूलाई पुँजी बजारमा भित्र्याउन सहजीकरण कार्यक्रमहरू संचालन गर्ने।</td></tr>
<tr><td>८.७.५ धितोपत्र बजार तथा व्यवसायी सेवामा संलग्न जनशक्तिका लागि प्रमाणीकरण कार्यक्रम संचालन गर्ने।</td></tr>
<tr><td>८.७.६ बोर्डबाट गरिने अध्ययन तथा अनुसन्धान कार्यलाई थप परिष्कृत गर्न त्रिभुवन विश्वविद्यालय केन्द्रीय व्यवस्थापन विभागसँग भएको समझदारी लगायत अन्य निकायहरूसँग सहकार्य गरी सम्बद्ध कर्मचारीहरुलाई अनुसन्धान विधि, प्रतिवेदन तथा अनुसन्धानमूलक लेखन विधि, वित्तीय साक्षरता र तथ्यांक विश्लेषण पद्धति लगायतका विषयहरूमा तालिम तथा कार्यशाला संचालन गर्ने।</td></tr>
<tr><td>८.७.७ धितोपत्र बजारका लगानीकर्ता, विद्यार्थी, व्यवसायी तथा सर्वसाधारणलाई धितोपत्र बजार सम्बन्धमा सूसुचित गर्न बोर्ड स्वयं वा बजारसम्बद्ध संस्थाहरु तथा वित्तीय क्षेत्रका नियामकहरुसँगको सहकार्यमा देशव्यापी रुपमा धितोपत्र बजारसम्बन्धी शिक्षा, लगानीकर्ता प्रशिक्षण तथा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने।</td></tr>
<tr><td>८.७.८ विश्व लगानीकर्ता सप्ताह र विश्व वित्तीय सप्ताह अन्तर्गत बालबालिका तथा युवा लगायत धितोपत्र बजारका लगानीकर्ता एवं अन्य सर्वसाधारणहरुलाई देशव्यापी रूपमा सेमिनार, साक्षरता अभिबृद्धि, प्रशिक्षण, रेडियो, टि.भी. कार्यक्रम एवं हाजिरी जवाफ तथा निबन्ध प्रतियोगिता लगायतका कार्यक्रमहरु आयोजना गर्ने।</td></tr>
<tr><td>८.७.९ विद्यालय तह देखि नै पुँजी बजारसम्बन्धी ज्ञान अविवृद्धि गर्न विद्यार्थीहरूलाई प्रशिक्षण प्रदान गर्न सामुदायिक विद्यालयका शिक्षक-शिक्षिकाहरूका लागि पुँजी बजार सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गर्ने।</td></tr>
</table>

| | |
|---|---|
| | ८.७.१० वित्तशास्त्र अध्यापन गर्ने विभिन्न विश्वविद्यालयका प्राध्यापकहरूसँग नेपालको पुँजी बजार सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने। |
| | ८.७.११ महिला तथा स्थानिय तहका जनप्रतिनिधिहरूसंग नेपालको पुँजी बजार सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने। |
| | ८.७.१२ बोर्डबाट प्रदान गरिने तालिम, शिक्षा, सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमका लागि आवश्यक विज्ञ तथा विज्ञताको विकास गर्न Training of Trainers (ToT) कार्यक्रम संचालन गर्ने र आवश्यक स्रोत व्यक्तिको व्यवस्था गर्न विज्ञहरूको रोस्टर तयार गर्ने। |
| | ८.७.१३ रेडियो नेपालमार्फत पाक्षिक रेडियो कार्यक्रम र टेलिभिजन मार्फत वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने। यसरी संचालन भएका कार्यक्रमहरूको प्रभाव समिक्षा समेत गर्ने। |
| | ८.७.१४ धितोपत्र बजार तथा वस्तु विनिमय बजार साक्षरता ढाँचा (Securities Market and Commodities Derivative Market Literacy Framework) तर्जुमा गर्ने/गराउने। |
| | ८.७.१५ पब्लिक कम्पनीको रुपमा स्थापना भई नेपालको धितोपत्र बजारमा सूचीकृत कम्पनीलाई अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच विस्तार गर्न नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डले ग्लोबल डिपोजिटरी रिसिट जारी गर्ने सम्बन्धमा अध्ययन गर्ने। |
| | ८.७.१६ Accounting Standard Board (ASB) र ICAN लगायतका संस्थाहरूसँगको सहकार्यमा सूचीकृत कम्पनीहरूका लागि Sustainability Reporting सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कार्यान्वयनमा ल्याउने। |
| ८.८ बोर्डका नियमित कार्यक्रमहरू | ८.८.१ धितोपत्र तथा वस्तु विनिमय वजार सम्वन्धी प्रचलित कानुन बमोजिम धितोपत्र बजार, वस्तु विनिमय बजार, केन्द्रीय निक्षेप सेवा, धितोपत्र व्यापारी, धितोपत्र दलाल, मर्चेन्ट बैंकर, योजना व्यवस्थापक तथा डिपोजिटरी, निक्षेप सदस्य, आस्वा सदस्य, क्रेडिट रेटिङ्ग संस्था, विशिष्टीकृत लगानी कोष व्यवस्थापक, सामुहिक लगानी कोष सुपरीवेक्षक, योग्य संस्थागत लगानीकर्ता लगायत धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने। |
| | ८.८.२ धितोपत्र सम्वन्धी प्रचलित कानुन बमोजिम धितोपत्रको निष्काशन (IPO, FPO, Right, Bonus), ऋणपत्र निष्काशन, सामुहिक लगानी योजना, विशिष्टीकृत लगानी कोषको दर्ता तथा निष्काशन गर्न स्वीकृति प्रदान गर्ने। |
| | ८.८.३ धितोपत्र सम्वन्धी प्रचलित कानुन बमोजिम धितोपत्र दलाल व्यवसायीहरुको शाखा विस्तार र आधिकारिक प्रतिनिधि नियुक्त गर्न स्वीकृति प्रदान गर्ने। |

| | |
|---|---|
| | ८.८.४ धितोपत्र सम्वन्धी प्रचलित कानुन बमोजिम धितोपत्र व्यवसायीको सेयरधनीको नामसारीको सम्वन्धमा बोर्डमा अभिलेख गर्ने। |
| | ८.८.५ आवश्यकता अनुसार विदेशी मुद्रा सटही सम्बन्धी निवेदनउपर जाँचबुझ गरी सटही सिफारिश प्रदान गर्ने। |
| | ८.८.६ धितोपत्र सम्वन्धी प्रचलित कानुन बमोजिम धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृति र अन्तिम स्वीकृति प्रदान गर्ने। |
| | ८.८.७ कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भई आएको सेयर संरचना अनुसारको संस्थापक सेयर साधारण सेयरमा परिणत गर्ने तथा सेयरको पुनःदर्ता गर्ने। |
| | ८.८.८ बोर्डमा पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, सेमिनार, प्रशिक्षण तथा अवलोकन कार्यक्रमहरुमा सहभागी गराउनुका साथै कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि तालिम, प्रशिक्षण तथा पुर्नताजगी कार्यक्रम आयोजना गर्ने। |
| | ८.८.९ बोर्डमा सेवा प्रवेश गर्दा दिइने परीक्षाको पाठ्यक्रम परिमार्जन गर्ने साथै बोर्डमा रिक्त रहेको जनशक्तिको स्थायी पदपूर्ति कार्य गर्ने। |
| | ८.८.१० बोर्डको वार्षिक नीति तथा कार्यक्रम तयार गर्नुका साथै आवश्यकतानुसार समीक्षा गर्ने। |
| | ८.८.११ शिक्षा, सचेतना, साक्षरता एवं क्षमता अभिवृद्धिको लागि आवश्यक पाठ्यक्रम तयार गर्ने। |
| | ८.८.१२ बोर्डको वार्षिकोत्सवको अवसरमा बजार सहभागीहरुको समेत सहभागिता रहने गरी वार्षिकोत्सव विशेष कार्यक्रमहरू आयोजना गर्ने। साथै, नेपाल धितोपत्र बोर्ड वार्षिकोत्सव लेख विशेषाङ्क प्रकाशन गर्ने। |
| | ८.८.१३ बोर्डको वार्षिक कामकारवाही समावेश गरिएको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने। |
| | ८.८.१४ वित्तीय बजार, अर्थतन्त्र र पुँजी बजार सम्बन्धी खोजमूलक अनुसन्धानमा आधारित शोध समेटिएको सेबोन जर्नल प्रकाशन गर्ने। |
| | ८.८.१५ धितोपत्र बजार तथा बस्तु विनिमय बजार शिक्षा तथा साक्षरतासम्बन्धी प्रशिक्षण सामग्री, पाठ्यक्रम, जानकारीमूलक पुस्तिका तयारी तथा प्रकाशन र अनलाइन अध्ययन सामाग्रीहरु तयार गर्ने। |
| | ८.८.१६ बोर्डबाट सम्पादन गर्ने कार्यहरुलाई प्रभावकारी एवं सहज बनाउन आवश्यक भौतिक सामाग्री, सफ्टवेयरलगायत अन्य सामाग्री खरिद गर्ने। |
| | ८.८.१७ धितोपत्र बजार, केन्द्रीय निक्षेप सेवा, धितोपत्र व्यवसायी लगायत बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका, दर्ता प्रमाणापत्र लिएका कम्पनी तथा संस्थाहरूको नियमित रूपमा गैर स्थलगत अनुगमन गर्ने। |

| | |
|---|---|
| | ८.८.१८ कानुन प्रवलीकरणलाई प्रभावकारी बनाउँदै बोर्ड पक्ष वा विपक्ष भएका मुद्दामामिलामा आवश्यक बहस, पैरवी, तारिख लगायत पूर्पक्ष वा प्रतिरक्षा गर्ने। |
| | ८.८.१९ नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावलीमा समसामयिक संशोधन गर्ने, कर्मचारीहरूलाई सवारी साधन उपलब्ध गराउनका लागि Own Your Vehicle Scheme (OYVS), कर्मचारी एकीकृत सापटी सम्बन्धी कार्यविधि बनाई लागू गर्ने तथा बोर्डको लेखा म्यानुल तर्जुमा गर्ने । |

***